**संयुक्त प्रेस विज्ञप्ति**

**२०७८ जेठ २३ गते**

**बाँदरमुढे घटनाका पीडित १७ वर्षदेखि न्यायबाट वञ्चित : अब झूटो आश्वासन नदेऊ, तत्काल कारवाही गर !**

चितवनको बाँदरमुढेमा तत्कालीन माओवादी कार्यकर्ताहरूले एक यात्रुवाहक बसमा बम विस्फोट गराउँदा ३५ जना सर्वसाधारण र ड्युटीमा नरहेका तीनजना सुरक्षाकर्मीहरु घटनास्थल मै मारिएको आज १७ वर्ष पुगेको छ। २०६२ जेठ २३ गते भएको उक्त घटनामा ७० भन्दा बढी मानिसहरु घाइते भएका थिए जसमध्ये ६ जनाले ज्यान गुमाइसकेका छन्।

विगत १७ वर्षदेखि घटनाका पीडितहरू सत्य, न्याय र परिपूरणको प्रतीक्षा गरिरहेका छन् तर उनीहरू दण्डहीनताका कारण असहाय अनुभव गरिरहेका छन्।

विगतका वर्षहरूमा धेरै सरकार शक्तिमा आए तर कसैले पनि पीडितहरूको माग र आवश्यक्तालाई सम्बोधन गर्न पहल गरेनन्। पीडितहरू शारीरिक तथा मनोवैज्ञानिक आघातका साथ जिउन बाध्य छन् भने आर्थिक संकटको चपेटामा समेत परेका छन्। विगतमा सरकार र माओवादी नेतृत्वले गरेका प्रतिज्ञाहरू अहिलेसम्म पूरा भएका छैनन्।

संक्रमणकालीन न्याय प्रक्रियालाई गति दिनका लागि सरकारले संक्रमणकालीन न्यायसम्बन्धी कानूनलाई संशोधन गर्न परामर्शहरू गरिरहेको छ। संक्रमणकालीन न्यायसम्बन्धी ऐनको संशोधन तथा बाँदरमुढे लगायतका घटनाका पीडितको पीडा, व्यथा र वेदनालाई सम्बोधन गर्नका लागि यी परामर्शहरू सार्थक रहून् भनी एड्भोकेसी फोरम-नेपाल र जवाफदेहिता निगरानी समिति आशा गर्दछ।

हामीले युद्ध अपराध सहित मानवअधिकारका जघन्य उल्लंघन भएको भनी आरोप लगाएका विभिन्न घटनाहरुमध्ये यो पनि एक हो। निष्पक्ष तथा स्वतन्त्र अनुसन्धान, घटनामा संलग्न पीडकहरूविरुद्ध अभियोजन, पीडितहरूलाई परिपूरण तथा पीडित र तिनको परिवारका सदस्यहरूको निरन्तर सुरक्षा सुनिश्चित गर्नुपर्ने पीडितहरूको मागसँग हामी ऐक्यबद्धता व्यक्त गर्दछौं।

चरण प्रसाईं
संयोजक
जवाफदेहिता निगरानी समिति

ओमप्रकाश सेन ठकुरी
कार्यकारी निर्देशक
एड्भोकेसी फोरम-नेपाल